**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

**कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।**

च.नं. ३४६/२०८२/०८३ मितिः २०८२/१२/२५

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं

**बिषय : १६औं वार्षिक साधारण सभाको निर्णय (माईन्युट) पेश गरिएको बारे ।**

महोदय,

यस सिन्धु बिकास बैंक लि. को मिति २०८२/११/२९ गते शुकवारको दिन सम्पन्न १६औं वार्षिक साधारण सभाद्धारा गरिएको निर्णयहरु (माईन्युट) यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागि पेश गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

**बोधार्थः**

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा बित्तीय संस्था नियमन बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, बित्तीय संस्था सुपरिबेक्षण बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री एनआईएमबि एस क्यापिटल लि. लाजिमपाट, काठमाण्डौं ।

भवदीय

Sindhu Bikash Bank Ltd.

...........................
(पुस्कर जि.सी.)
कम्पनी सचिव

# सिन्धु बिकास बैंक लिमिटेडको

## १६औं वार्षिक साधारण सभाको निर्णयको माइन्यूट

सिन्धु बिकास बैंक लि. को **१६औं वार्षिक साधारण सभा (16th Annual General Meeting)** सञ्चालक समितिका अध्यक्ष श्री दामोदर प्रसाद सुवेदीको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय भई सुसम्पन्न भयो ।

१) **सोह्रौं बार्षिक साधारण सभा बसेको मिति, समय र स्थान**

मिति : २०८२ साल फागुन २९ गते शुक्रवार, (तद्नुसार १३ मार्च, २०२६)
समय : विहान १०:०० बजे
स्थान : अरनिको पार्टि प्यालेस, बनेपा, काभ्रेपलान्चोक ।

२) **छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

१) सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम आ.व. २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) बिशेष प्रस्तावहरु:**

१) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्वन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सोमा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्वन्धी अन्य आवश्यक सम्पुर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

३)    **साधारण सभा सम्बन्धि सूचना :**

मिति २०८२ साल माघ २१ गते बुधवारमा दिन सम्पन्न सञ्चालक समितिको ४७३औं बैठकको निर्णय अनुसार बैंकको १६औं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने बिषय समेत खोली पठाईएको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) वमोजिम मिति २०८२ माघ २२ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र २०८२ फागुन ४ गते सोमवारका दिन आर्थिक राष्ट्रिय दैनिक पत्रिकमा दोस्रो पटक शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको र सो सूचना सहित लेखापरीक्षण प्रतिबेदन सहितको आ.व.२०८१/०८२ को बित्तीय विवरण समावेश भएको वार्षिक प्रतिवेदन कम्पनीको आधिकारिक website मा समेत राखिएको र शेयरधनी महानुभावहरुको मोवाईल नम्बरमा SMS मार्फत साधारण सभाको सूचना सहित बार्षिक प्रतिवेदनको Link पठाईएको थियो । उक्त सूचना वमोजिम तोकिएको समय मिति २०८२ साल फागुन १५ गते शुक्रवारका दिन तोकिएको स्थान काभ्रेपलान्चोक जिल्लाको धुलिखेल स्थित होटल सारथीमा सभा संचालनगर्न सभामा कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपुरक संख्या नपुगेकोले उक्त साधारण सभा स्थगित भएको थियो र स्थगित भएको उक्त साधारण सभा मिति २०८२ साल फाल्गुन १५ गते बसेको सञ्चालक समितिको ४७५औं बैठकको निर्णय बमोजिम मिति २०८२ साल फागुन २९ गते शुक्रबार बिहान १०:०० बजे पूर्वसूचना वमोजिमका प्रस्तावहरुउपर नै छलफल गर्नेगरी अरनिको पार्टि प्यालेस, बनेपा, काभ्रेपलान्चोकमा संचालन गर्ने गरी २०८२ साल फागुन १७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा पुनः सूचना प्रकाशित गरिएको र उक्त सूचना बिकास बैंकको वेबसाईटमा राखिएको तथा बैंकलाइ उपलब्ध भएको शेयरधनीहरुको ब्यक्तिगत मोवाईल नम्वरमा समेत SMS मार्फत शेयरधनी महानुभावहरुलाइ जानकारी पठाईएको थियो ।

४)    **उपस्थिति :**

**क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सञ्चालकहरुको उपस्थिति :**

१. श्री दामोदर प्रसाद सुवेदी : अध्यक्ष
२. श्री बसन्त कुमार कटवाल : सञ्चालक
३. श्री समिर कक्षपती : सञ्चालक

**ख) अन्य पदाधिकारीहरुको उपस्थिति :**

१. श्री गणेश कुमार के.सी. : का.मु. प्रमुख कार्यकारी अधिकृत
२. श्री प्रमोद न्यौपाने : सहायक प्रमुख कार्यकारी अधिकृत
३. श्री पुस्कर जि.सी. : कम्पनी सचिव

**ग) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| कुल शेयर संख्या | ५५,७४,५६१ कित्ता |
| शेयर धनीहरुको स्वयं उपस्थिति | ८,२४,१८६ कित्ता |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति | १३,४८,४०४ कित्ता |
| जम्मा उपस्थिति | २१,७२,५९० कित्ता |
| **उपस्थिति प्रतिशतमा** | **३८.९७ प्रतिशत** |



Sindhu Bikash Bank Ltd.

घ) **गणपुरक संख्या :**

१६ औं वार्षिक साधारण सभामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित हुनु भएका शेयरधनीहरुले धारण गर्नुभएको शेयर संख्याका आधारमा जम्मा उपस्थिति ३८.९७ प्रतिशत रहेकोले कम्पनी ऐन २०६३ दफा ७३(३) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा साधारण सभा सञ्चालनका लागि कानूनतः सबै प्रकृया पुरा भएको जानकारी कम्पनी सचिव मार्फत सभालाई जानकारी भयो ।

५) **सभाको बैधानिकता**

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै यस साधारण सभाकोलागि कम्पनी ऐन २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८(३) र नियम १८(६) बमोजिम शेयरधनीहरुलाई सूचना पठाईएको तथा कम्पनी ऐन २०६३ दफा ७३(३) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा यो साधारण सभा बैधानिक हुने ब्यहोरा सभालाई जानकारी गराउनु भयो ।

६) **सभाको अध्यक्षता**

सभाको बैधानिकता निश्चित भईसकेपछि कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम बैंकका सञ्चालक समितिका अध्यक्ष श्री दामोदर प्रसाद सुवेदीज्यूले सभाको अध्यक्षता गर्नुभयो । अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सम्पूर्ण सञ्चालकहरुलाई मञ्चमा आशन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

७) **स्वागत मन्तब्य**

बैंकका सञ्चालक श्री बसन्त कुमार कटवालज्यूले यस १६औं साधारण सभामा उपस्थिति जनाउनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु एवं उपस्थित अन्य अतिथिहरुलाई बैंकको तर्फबाट मन्तब्य सहित सभामा स्वागत गर्नुभयो ।

८) **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति**

१६औं वार्षिक साधारण सभामा अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आर्थिक बर्ष २०८१/०८२ को सञ्चालक समितिको तर्फबाट सभामा पेश हुने वार्षिक प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । ततपश्चात् लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको बित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु सहितको लेखापरीक्षण प्रतिवेदन सभामा छलफलका लागि प्रस्तुत गर्नुभई सो लगायत सभामा पेशगरिएका सामान्य तथा विशेष प्रस्तावहरु उपर छलफल गर्न र यसका विविध पक्षका बारेमा आफ्नो बिचार, मन्तव्य, प्रतिकृया एवम् जिज्ञासाहरु व्यक्त गर्नको लागि सबै शेयरधनीहरुलाई सामुहिक रुपमा अनुरोध गर्नुभयो ।

९) **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको राय सुझाव तथा प्रतिकृयाहरु**

**(क) श्री केशव श्रेष्ठ :**

यस बैंकका संस्थापक शेयरधनी श्री केशव श्रेष्ठले बैंकको १६औं वार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्दै बैंकको बार्षिक साधारण सभा समयमै सम्पन्न गर्नुपर्ने सुझाव दिनुभयो । बिकास बैंकले लामो समयदेखि शेयरधनी महानुभावहरुको लगानीको उचित प्रतिफल दिन नसकेकोमा दुःख ब्यक्त गर्नुभयो । बैंकको खराब कर्जाको आकार बढेको, कर्जा लगानी तथा धितो मुल्यांकनमा समस्या देखिएको, कर्मचारीहरुको बदमासीले गर्दा बैंकको शाखः नै गुम्ने अवस्था सृजना भएको एवं बैंकको आन्तरिक नियन्त्रण प्रणाली फितलो रहेको र कर्मचारीहरुको बदमासीले निक्षेपकर्ताहरु माझ बैंकप्रतिको बिश्वास गुम्न सक्ने कुरालाई जोड दिँदै त्यसप्रति बैंक ब्यवस्थापनले ध्यान दिई बैंकको बित्तीय अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले लामो समयसम्म बैंकले लाभांश बितरण गर्न नसकेकोले शेयरधनीहरु माझ नैराश्यताको अवस्था सृजना भएको जिकिर गर्नुभयो ।



Sindhu Bikash Bank Ltd.

**(ख) श्री लवराज जोशी :**

यस बैंकको सर्वसाधारण शेयरधनी श्री लवराज जोशीज्यूले बैंकको १६औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले आफ्नो वित्तीय अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकले ग्रामिण क्षेत्रको विकासमा पुऱ्याएको टेवालाई कदर गर्दै आगामी दिनमा सशक्त रुपमा उपलब्ध साधन तथा स्रोतको उच्चतम् परिचालन गरी सम्पूर्ण लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैकको मुख्य ध्यान ने.रा. बैकले गरेको शीघ्र सुधारात्मक कारवाहीबाट बाहिर निस्कनेमा हुनुपर्ने बताउनु भयो । उहाँले बैंकको बिगत बर्षहरुमा भन्दा कर्मचारीहरुलाई दिईएको तलब, भत्ता एवं सञ्चालन खर्चमा बृद्धि भएको देखिएकोले त्यसमा बैंक ब्यवस्थापनले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकको बार्षिक प्रतिवेदन नेपालीमा बनाउन सुझाव दिनुभयो ।

**(ग) श्री जगन्नाथ आचार्य :**

यस बैंकको साधारण शेयरधनी श्री जगन्नाथ आचार्यज्यूले बैंकको १६औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले आफ्नो वार्षिक साधारण सभा समयमै सम्पन्न गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकले ग्रामिण क्षेत्रको बिकासमा पुऱ्याएको टेवालाई कदर गर्दै आगामी दिनमा सशक्त रुपमा उपलब्ध साधन तथा स्रोतको उच्चतम् परिचालन गरी सम्पूर्ण लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनुपर्ने कुरामा जोड दिनुभयो । बैकको संस्थागत सुशासन विगतमा निक्कै कमजोर रहेकोले सो सुधारको लागि ध्यानदिन आग्रह गर्नु भयो । उहाँले कर्मचारीहरुको मनोवल उच्च बनाउनु पर्ने, लाभांश वितरणको लागि Long term profit planning गर्नु पर्ने, बाह्य लेखापरीक्षण कार्य सम्पन्न गर्न समय सिमा तोक्नुपर्ने कुरालाई जोड दिनु भयो ।

**(घ) ब्रम्हदेव शाक्य :**

यस बैंकको साधारण शेयरधनी श्री ब्रम्हदेव शाक्यज्यूले बैंकको १६औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न सुझाव दिनुभयो । साथै, उहाँले गणपुरक संख्या नपुगेकोले १६औं वार्षिक साधारण सभा स्थगित गर्नु परेको र निधारित समयमा हुन नसकेको कुरालाई जोड दिदै साधारण सभा गर्नु अगाडीका तयारी लगायत संस्थापक शेयरधनीहरुसंग अग्रिम रुपमा अन्तकृया गर्नुपर्ने कुरामा बैंकका सञ्चालक समिति एवं ब्यवस्थापनले ध्यान दिनु पर्ने कुरालाई जोड दिनु भयो ।

**(ङ) भेषराज भण्डारी :**

बैंकका अर्का शेयरधनी भेषराज भण्डारीले शेयरधनीहरुलाई लाभांश दिनुपर्ने कुरालाई जोड्दै लाभांश क्षमता बृद्धि गर्न र आगामी बर्ष लाभांश बाँड्न रणनीति तर्जुमा गरी लागू गर्न, सूचकहरुको सुधार गर्न, NPL घटाउन र PCA हटाई छिटोभन्दा छिटो हकप्रद शेयर जारी गर्न बैंकका सञ्चालक समितिलाई सुझाव दिनु भयो ।

**(ज) श्री राजेन्द्र कुमार श्रेष्ठ :**

यस बिकास बैंकका संस्थापक अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठले बैंकको १६औं वार्षिक साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सबै शेयरधनीहरुलाई अनुरोध गर्दै १६औं बार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो । उहाँले विगतमा बैंक मर्ज गर्न अन्य बैंक तथा बित्तीय संस्थाहरुसंग कुरा भएको तर शेयरधनीहरुकै हित हुनेगरी उचित अनुपातमा स्वाप रेसियो कायम हुन नसकेकोले मर्जर जानुभन्दा पहिला बैंकको बित्तीय अवस्था सुधार हुनु जरुरी रहेको कुरामा जोड दिनु भयो । साथै, बैंकले शेयरधनीहरुको लगानीको सुरक्षा गर्न र उचित लाभांश दिनुपर्ने कुरालाई जोड दिँदै आगामी बर्ष बैंकले राम्रो प्रगति गरी शेयरधनीहरुलाई उचित प्रतिफल दिनेछ भन्ने आशा सहित बैंकको प्रगतिको कामना गर्नु भयो ।

Sindhu Bikash Bank Ltd.

१०) **<u>शेयरधनी महानुभावहरुको राय, सुझाव तथा प्रतिकृयाहरुउपर अध्यक्षज्यूको तर्फवाट का.मु. प्रमुख कार्यकारी अधिकृत श्री गणेश कुमार के.सी.ज्यूको प्रत्युत्तर ।</u>**

बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृत श्री गणेश कुमार के.सी.ज्यू ले बैंकको समग्र कृयाकलाप प्रति अत्यन्त रुचि राखी सञ्चालक समिति तथा व्यवस्थापनले गरेका काम कार्यवाहीहरु उपर प्रत्यक्ष रुपमा राय, सल्लाह, सुझाव एवम् प्रतिकृया दिई हामीलाई मार्ग दर्शन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

छलफलका क्रममा शेयरधनीद्वारा व्यक्त गरिएका सान्दर्भिक बिचार, अमुल्य सुझावहरुलाई सम्भव भएसम्म कार्यान्वयन गर्न बैंक व्यवस्थापन प्रतिवद्ध रहेको कुरा सभालाई जानकारी गराउँदै आगामी दिनहरुमा समेत सकारात्मक सल्लाह एवम् सुझावहरु निरन्तर पाईरहने कुरामा विश्वस्त रहेको र आगामी वर्ष साधारण सभा तोकिएको समयमै सम्पन्न गरिने विचार ब्यक्त गर्नुभयो । साथै, गत बर्षहरुमा रुस र यूक्रेन बीच भएको युद्धको कारण पेट्रोलियम पदार्थमा भएको मुल्य बृद्धि, बिश्व बजारमा देखिएको आर्थिक मन्दीका कारण उत्पन्न विषम परिस्थिति, घरजग्गा व्यवसायमा आएको मन्दी, राजनैतिक अस्थिरता एवं दैनिक उपभोग्य बस्तुमा भएको मुल्य बृद्धि आदिका कारण बैंकका केहि ठूला ऋणीहरुको समेत ब्यापार ब्यवसायमा उत्पन्न जोखिमको कारण कर्जा असूलीमा समस्या भएको तथा कर्जा असुलीको क्रममा प्राप्त भएको गैह्रबैंकिङ्ग सम्पत्तिलाई समेत समयमै बिक्री गर्न नसकिएको तथा सञ्चालन खर्च बढ्दै गएको कारण बैंकको नाफामा केही संकुचन आएकाले शेयरधनीहरुलाई लाभांश प्रस्ताव गर्न नसकिएको जानकारी गराउनुभयो । तथापि, बैंकले आगामी दिनमा साना तथा मझौला कर्जाहरुका साथै प्राथमिकता प्राप्त क्षेत्रका कर्जा शिर्षकहरुमा लगानी बिस्तार गर्दैजाने तथा खराव कर्जाहरुको समेत क्रमैसँग व्यवस्थापन गर्दै आगामी बर्षहरुमा शेयरधनीहरुलाई उचित लाभांश दिन बैंक व्यवस्थापन कटिबद्ध भएर लागिपरिरहेको तथ्यसमेत सभालाई जानकारी गराउनु भयो । उहाँले बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई सुधारगर्ने, अनावश्यक खर्चहरुमा कटौति गर्ने, संस्थागत सुशासनलाई कायम गर्ने र भविष्यमा बैंकलाई अझ सुदृड बनाई लैजाने समेत सभामा शेयरधनी महानुभावहरुलाई विश्वस्त तुल्याउनु भयो ।

त्यस्तै, नेपाल राष्ट्र बैंकबाट बैंक तथा बित्तीय संस्थाहरुलाई प्राप्त निर्देशन वमोजिम कायम राख्नुपर्ने न्यूनतम पूँजीकोष अनुपात कायम नगरेकोले शीघ्र सुधारात्मक कार्वाही भएको र हाल उक्त अनुपात मापदण्ड अनुरुप कायम रहेकोले ने.रा.बैंक समक्ष शीघ्र सुधारात्मक कार्वाहीबाट बैंकलाई यथाशक्य छिटो फुकुवा गर्न पत्रचार भई सोहीअनुरुप कार्य भइरहेको ब्यहोरा समेत सभामा जानकारी गराउनु भयो । साथै, नेपाल राष्ट्र बैंकले तोकेको प्रादेशिक स्तरको बिकास बैंकको न्यूनतम चुक्तापूँजी रु.१२० करोड पूर्‍याउन बिकास बैंकको १४औं तथा १५औं साधारण सभाबाट पारित गरिएको ११६ प्रतिशत हकप्रद शेयर जारी गर्न ने.रा.बैंक समक्ष आवश्यक स्वीकृतिको लागि प्रस्ताव पेश भएको र उक्त प्रस्ताव ने.रा.बैंकमा बिचाराधिन रहेको ब्यहोरा सभामा जानकारी गराउनु भयो ।

११) **<u>सभाको निर्णयहरु :</u>**

**क) <u>सामान्य प्रस्ताव उपर निर्णय :</u>**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सभाद्वारा सर्वसम्मतले पारित गर्ने निर्णय गर्‍यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी सभाद्वारा सर्वसम्मतले पारित गर्ने निर्णय गर्‍यो ।



Sindhu Bikash Bank Ltd.

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बिकास बैंकको आर्थिक बर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षण सम्पन्न गर्न बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम तपशिलमा उल्लेखित तीन (३) वटा लेखापरीक्षण फर्महरु मध्ये उपयुक्त एक (१) लेखापरीक्षण फर्म छनौट गर्न साधारण सभामा सिफारिश भयो ।

तपशील

| क्र.सं. | शिलवन्दी प्रस्तावदाताको विवरण | जम्मा प्रस्तावित शुल्क ( मु.अ. कर सहित) | अन्य आवास, यातायात र खाजा खर्च (रु.) |
|---|---|---|---|
| १. | P&B Associates, Chartered Accountants<br>Thapagau, Kathmandu | रु. ५,६५,०००/- | • दैनिक भत्ता- २,०००/- प्रति व्यक्ति प्रति दिन ।<br>• यातायात खर्च - वास्तविक बिल बमोजिम ।<br>• केन्द्रिय कार्यालयको लेखापरीक्षण गर्दा रु. ५००/- प्रति व्यक्ति प्रति दिन ।<br>वा<br>• एक मुष्ठ कुल खर्च रु.**३,७५,०००/-** मध्ये कम हुने रकम । |
| २. | R.S.M.S. Associates, Chartered Accountants, Naxal, Kathmandu | रु. ५,६५,०००/- (अघिल्लो आ.व.को लेखापरीक्षण शुल्क भन्दा कम नहुने गरी ।) | • वास्तविक खर्च बमोजिम रुपैयाँ **४,००,०००/-** नबढ्ने गरी । |
| ३. | Nepal Associates, Chartered Accountants,<br>Satdobato, Lalitpur | रु. ५,६५,०००/- | • दैनिक भत्ता- २,२५०/- प्रति व्यक्ति प्रति दिन ।<br>• यातायात खर्च - वास्तविक बिल बमोजिम ।<br>• केन्द्रिय कार्यालय र केन्द्रिय शाखाको लेखापरीक्षण गर्दा रु.७५०/-प्रति व्यक्ति प्रति दिन । |

उपरोक्त प्रस्तावहरु मध्ये लागत, लेखापरीक्षकको कार्य अनुभव, प्रस्तावित मुल्य र मानव संसाधनको उपलब्धताको आधारमा P & B Associates, Chartered Accountents, Thapagau, Kathmandu लाई आ.ब. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजलाई लेखापरीक्षण शुल्क वापत मु.अ.क. सहित **रु.५,६५,०००/-**( अक्षेरुपी पाँचलाख पैसठ्ठी हजार रुपैयाँ मात्र) तथा अन्य आवास, यातायात र खाजा खर्च वापत एकमुष्ठ कुल रकम **रु.३,७५,०००/-**(अक्षरुपी तीन लाख पचहत्तर हजार रुपैयाँ मात्र) नबढ्ने गरी रकम भुक्तानी गर्नेगरी बाह्य लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतले पारित गर्‍यो ।

४) सञ्चालक समितिका सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री अवतार न्यौपानेज्यूले प्रकाशन गर्नु भएको निर्वाचन सम्बन्धी कार्यक्रम अनुसार निर्धारित समय, मिति र स्थानमा ३ जना सर्वसाधारण शेयरधनीहरु श्री सुनिलमान शाक्य, श्री बसन्त कुमार कटवाल र श्री समिर कक्षपतीको मात्र मनोनयनपत्र दर्ता हुनआएको र उक्त मनोनयन उपर कसैकोपनि दावी बिरोध नपरेकाले मनोनयन पत्र दर्ता गर्नु हुने **श्री सुनिलमान शाक्य, श्री बसन्त कुमार कटवाल र श्री समिर कक्षपती** आगामी ४ (चार) बर्षे कार्यकालकोलागि सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सहित



Sindhu Bikash Bank Ltd.

निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री अवतार न्यौपानेज्यूले प्रस्तुत गर्नुभएको निर्वाचन सम्बन्धी प्रतिवेदनलाई सभाद्वारा सर्वसमत रुपले पारित गरियो ।

**ख) विशेष प्रस्ताव उपर निर्णय :**

१) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न मान्यताप्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्वन्धि समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पूरागरी सोमा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्वन्धि अन्य आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्नकोलागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय साधारणसभाले सर्वसम्मतबाट पारित गर्‍यो ।

**ग) विविध :** विविध अन्तर्गत अन्य कुनै प्रस्ताव नरहेको ।

१२) **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृत श्री गणेश कुमार के.सी.ज्यूले अध्यक्षज्यूको अनुमति लिएर विकास बैंकको १६औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो अमूल्य समय प्रदान गरी यस गरिमामय सभालाई सफल बनाईदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु, पत्रकार मित्रहरु लगायत सम्पूर्ण कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, सभाका सभाध्यक्ष तथा बैंकका अध्यक्ष श्री दामोदर प्रसाद सुवेदीज्यूले बैंकका लगानीकर्ताहरुलाई उच्चतम् प्रतिफल दिन निरन्तर क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । आगामी दिनहरुमा बैंकलाई थप सवल र सुदृढ गर्न आवश्यक सहयोग, सल्लाह तथा सुझावहरुको अपेक्षा रहेकोले सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिनुहुन समेत शेयरधनी महानुभावहरु, कर्मचारी परिवार, नियमनकारी निकायहरु, पत्रकार मित्रहरुलाई अनुरोध गर्दै उपस्थित सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गरी बैंकको १६औं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

............................
(पुस्कर जि.सी.)
कम्पनी सचीव

Sindhu Bikash Bank Ltd.

............................
(दामोदर प्रसाद सुवेदी)
अध्यक्ष